# भार्गव विकास बैंक लि.
# Bhargav Bikash Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था (बाँके, दाङ र बर्दिया जिल्ला कार्यक्षेत्र भएको)

**प्रधान कार्यालय**
कारकाँदो नेपालगन्ज, बाँके
फोन नं. ०८१-५५१२९४/५५१३१६
E-mail : info@bhargavbank.com.np
Web : www.bhargavbank.com.np


च.न : ४१४/०७५/७६

मिति : २०७६/०३/१०

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौ

**विषय : जानकारी गराएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०७६ असार ०९ गते सोमबार बसेको सञ्चालक समितिको २०० औं बैठकबाट विशेष साधारण सभा सम्बन्धमा शाइन रेसुङ्गा डेभलपमेण्ट बैक लि.ले भार्गव विकास बैक लि. लाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धमा भएका मुख्य निर्णयहरु जानकारीका लागि अनुरोध गर्दछु । साथै विशेष साधारण सभा सम्बन्धी सूचना यसै साथ संलग्न राखी पठाइएको छ ।

धन्यवाद ।

भवदीय,

..............................
आधिकारीक दस्तखत


**शाखा कार्यालयहरु:**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेपालगञ्ज, बाँके ☎०८१-४१५०२७ | नारायणपुर, दाङ ☎०८२-५३०१५१ | तुलसीपुर, दाङ ☎०८२-५२२७८० | बाँसगढी, बर्दिया ☎०८४-४००१०१ | मंगरागढी, बर्दिया ☎०८४-४०४०६८ | कोहलपुर, बाँके ☎०८१-५४१७१८ | घोराही, दाङ ☎०८२-५६३७४० | भुरीगाउँ, बर्दिया ☎०८४-४०३११८ |
| हापुरे, दाङ ☎०८२-४०३०५२ | लालमटीया, दाङ ☎०८२-५८०१०१ | पाताभार, बर्दिया ☎९८०१३२८८११ | लमही, दाङ ☎०८२-५४०८२० | गुलरिया बर्दिया ☎०८४-४२०३८६ | राजपुर, दाङ ☎९८०१३२८८१४ | मैनापोखर, बर्दिया ☎०८४-४०१०८१ | अगैया, बाँके ☎९८०१३२८८१६ |

# भार्गव विकास बैंक लिमिटेड
# Bhargav Bikash Bank Ltd.

केन्द्रीय कार्यलयः कारकाँदो, नेपालगञ्ज, बाँके, फो.नं.: ०८१-५५१२९४, ५५१३१६
E-mail: info@.bhargavbank.com.np, URL: www.bhargavbank.com.np

## विशेष साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०३/१० गते)

*श्री शेयरधनी महानुभावहरु,*

यस विकास बैंकको मिति २०७६/०३/०९ मा बसेको सञ्चालक समितिको २०० औं बैठकको निर्णयानुसार यस बैंकको विशेष साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषययहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७६ आषाढ २७ गते, शुक्रबार (तद्अनुसार जुलाई १२, २०१९)
समय : बिहान ११:०० बजे
स्थान : होटल सिद्धार्थ भ्यु प्रा.लि., नेपालगञ्ज, बाँके ।

**छलफलका बिषयहरु :**

(क) विशेष प्रस्ताव

१. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

२. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता आर.के.एस. एण्ड एशोसिएटस (RKS and Associates) चार्टड एकाउन्टेण्टस्का राजेशकुमार साहले तयार गर्नु भएको भार्गव विकास बैंक लिमिटेडको चल-अचल सम्पति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपातलाई पारित गरी एक्विजिशन सम्बन्धी कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

३. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौता-पत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

४. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि भार्गव विकास बैंक लिमिटेडको चल-अचल सम्पति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने ।

५. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृत लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न/गराउन भार्गव विकास बैंक लिमिटेडको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. भार्गव विकास बैंक लिमिटेडलाई शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले प्राप्ति (एक्विजिशन) गरेपश्चात प्राप्ति सम्बन्धी सहमति-पत्र तथा अन्तिम सम्झौता पत्रमा उल्लेख भए बमोजिम शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको प्रवन्धपत्र तथा नियमावली लागू हुने साथै उक्त प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य सम्पन्न भई एकीकृत कारोवार नभए सम्मको अवधिको लागि समेत हालको यस भार्गव विकास बैंक लिमिटेडको सञ्चालक समिति यथावत कायम रहने विशेष व्यवस्था गर्ने ।

(ख) विविध ।

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**सभा सम्बन्धी सामान्य जानकारी:**

१. एक्विजिशन प्रयोजनका लागि यस बैंकको शेयर कारोबार मिति २०७६/२/१ गते देखि बन्द रहेको हुंदा सोही मितिसम्म कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन् ।

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा विशेष साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्ने छन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालय, नेपालगञ्ज, बाँकेमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी वित्तीय संस्थामा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (५) मा लेखिए बमोजिम हुनेछ ।

७. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सवैभन्दा पहिले प्राप्त भएको हो माथि (६) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

८. थप जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय, नेपालगञ्ज, बाँकेमा सम्पर्क राख्न सक्नु हुनेछ ।

*द्रष्टब्यः विकास बैंकको विशेष साधारण सभाको सूचना सहित छलफलको बिषय सूची सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कुरियर मार्फत पठाईनेछ । कारणवश उक्त सूचना सहितको छलफलको बिषय सूची प्राप्त हुन नसकेमा बैंकको नेपालगन्ज, बाँके स्थित केन्द्रीय कार्यालय तथा यस बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., काठमाण्डौंबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै, विशेष साधारण सभाको सूचना सहितको छलफलको बिषय सूची यस बैंकको वेबसाइट www.bhargavbank.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने ब्यहोरा जानकारी गराउँदछौं ।*

भार्गव विकास बैंक लिमिटेड